पर्वत जिल्लाको कुश्मा नगरपालिका अन्तर्गत पर्ने कालीगण्डकी नदी र मोदीखोला बगरबाट दिगो रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन तथा सङ्कलनको वातावरणीय अध्ययन (प्रारम्भिक वातावरणीय परीक्षण) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको

# सूचना

*(कुश्मा नगरपालिकाको वातावरणीय अध्यान तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ को दफा ५ सँग सम्बन्धित)*

(प्रकाशित मिति २०८१ मंसिर २४ गते)

कालीगण्डकी नदी र मोदी खोला बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

**प्रस्तावकको नाम र ठेगाना:** कुश्मा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत
फोन नं.: ०६७-४२०१४१ इमेल:kushmamun@gmail.com

**प्रस्तावको व्यहोरा:** यस आयोजना अन्तर्गत पर्वत जिल्लाको कुश्मा नगरपालिका क्षेत्राधिकारभित्र पर्ने कालीगण्डकी नदी र मोदीखोलाका बगर क्षेत्रहरूबाट दिगो रूपमा ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन/उत्खनन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी प्रचलित कानुन बमोजिम नदीजन्य पदार्थको सङ्कलन/उत्खनन गर्न मार्ग प्रशस्त गरिनेछ ।

**प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा.:**
पर्वत जिल्लाको कुश्मा नगरपालिका वार्ड नं. १, २, ४, ५ र ८ अन्तर्गत कालीगण्डकी नदी र मोदीखोला अन्तर्गतका बगर क्षेत्रहरू

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाइको आयोजना गरी राय सुझाव सङ्कलन गर्नुपर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ, र सोबाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोतरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाइमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

| **सार्वजनिक सुनुवाइ हुने मिति, समय र स्थान:** |
| --- |
| स्थान: कुश्मा नगरपालिका वडा नं. २ स्थित रिभर एक्फलोर नेपाल नयाँपूल, पर्वत |
| मिति: २०८१/०९/०१ बिहान १०.०० बजे |
| स्थानः कुश्मा नगरपालिक वडा नं. ८ स्थित मंगलोदय मा.वि. चुवा, पर्वत |
| मिति २०८१/०९/०१ गते दिउँसो २.०० बजे |

| **प्रस्तावकको नाम र ठेगाना:** | **परामर्शदाताको नाम र ठेगाना:** |
| --- | --- |
| कुश्मा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत | अस्पिसियस इन्भाइरोमेन्टल कन्सल्ट प्रा. लि. लोकन्थली, भक्तपुर |
| फोन नं.: ०६७-४२०१४१ | फोन नं. - ०१६६३३१७९/९८५१२७८१०१ |
| इमेलः kushmamun@gmail.com | इमेल - auspicious.consult@gmail.com |

२०८१/०८/२४

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत